nepalpostdaily.com

# नेपाल पोष्ट डेली दैनिक

32°C । वर्ष : १०, अंक : ३२७ पृष्ठ ४ । सोमबार,२३ असार २०८२ । MONNDAY, JUNY 07, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## बीरगन्जमा “मोहर्रम” पर्व शान्तिपूर्ण : ड्रोन र सीसीटीभीमार्फत उच्चस्तरीय निगरानी

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२२ असार ।***

मुस्लिम समुदायले मनाउने मोहरम (ताजिया/दाहा) आज वीरगन्जमा कडा सुरक्षा व्यवस्था र समुदायको सक्रिय सहभागिताबीच शान्तिपूर्ण रूपमा मनाइदैछ । विगतमा देखिएको तनावपूर्ण अवस्थाबाट पाठ सिक्दै यस वर्ष जिल्ला प्रहरी कार्यालय पर्साले सुरक्षा व्यवस्थालाई अत्यन्तै सुदृढ पारेको छ । जसको परिणामस्वरूप पर्वको पहिलो चरण आज बिहान सफलतापूर्वक सम्पन्न भएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा डीएसपी किशोर लम्सालले पर्वको सुरक्षा व्यवस्थापनको जानकारी दिँदै बिहानको दाहा प्रदर्शन पूर्णतया शान्तिपूर्ण रहेको बताए । ‘बिहान ८ बजे रानीघाट, मुर्ली र गहावाबाट निस्केका दाहा जुलुसहरू घण्टाघरमा आएर लाठी प्रदर्शन गरी बिहान साढे ९ बजेतिर शान्तिपूर्ण रूपमा समापन भए,’ डीएसपी लम्सालले भने, ‘बिहानको सुरक्षाका लागि करिब ४०० नेपाल प्रहरी



र त्यत्तिकै संख्यामा सशस्त्र प्रहरी परिचालन गरिएको थियो ।’ पर्वको दोस्रो तथा मुख्य चरणका लागि प्रहरीले थप बलियो सुरक्षा रणनीति अपनाएको छ । बेलुका ४ बजेदेखि विभिन्न टोलहरूबाट निस्कने दाहा जुलुसहरूका लागि डीएसपी लम्सालले विस्तृत सुरक्षा योजनाबारे जानकारी दिए । उनका अनुसार, पोखरिया, बेलवा, छिपरमाई, भिसवा, मुर्ली, श्रीपुर, रानीघाट, छपकैया, फूलबारी टोल, नगवा, रामटोल, गहावा र लाठगल्ली लगायतका मुस्लिम बस्तीहरूबाट जुलुसहरू निस्किनेछ । ‘लाठगल्लीको जात्रा सिधै पुरानो बसपार्क पुग्नेछ भने, अन्य सम्पूर्ण जात्राहरू छपकैयाको मालपोत हुँदै आदर्श नगर भएर पुरानो बसपार्क पुग्नेछन्,’ डीएसपी लम्सालले रुटबारे प्रष्ट्याए । ‘नगवा, फूलबारी टोल, रामटोल र गहावाबाट निस्कने जात्राहरू भने घण्टाघर, माईस्थान, हनुमान मन्दिर हुँदै, लोहारपट्टी चोकबाट भित्र छिरेर पुरानो बसपार्कमा पुगी सूर्यास्तपछि समापन हुनेछन् ।’ बेलुकाको कार्यक्रमका लागि प्रहरीले ठूलो

बाँकी तेश्रो पृष्ठमा⇨

## मधेश प्रदेशसभा बैठक फेरि स्थगित

***जनकपुर,२२ असार ।***

मधेश प्रदेशसभाको बैठक फेरि स्थगित भएको छ। ११ दिनपछि आइतबार बस्न लागेको बैठक विपक्षी दलहरूको विरोधका कारण सोमबारसम्मका लागि सारिएको हो। दिउँसो २ बजे बैठक सुरु भएलगत्तै विपक्षी दलहरूले बजेट पुनर्लेखनको माग राख्दै विरोध जनाएका थिए । विरोधकै कारण सुरुमा आधा घण्टाका लागि बैठक स्थगित गरिएको थियो । तर, त्यसपछि बैठक पुनः नबसी सोमबार १ बजेसम्मका लागि स्थगित गरिएको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ। बैठकमा मुख्यमन्त्री, अर्थमन्त्री, भौतिक मन्त्रीसहित दलका नेताहरू उपस्थित नभएको भन्दै विपक्षीहरूले




असन्तुष्टि जनाएका थिए। विरोधकै कारण बैठक अघि नबढी स्थगित गरिएको प्रदेशसभा सभामुख रामचन्द्र मण्डलले बताए । आइतबारको बैठकमा आर्थिक विधेयक र बजेटमाथि छलफल गर्ने कार्यसूची थियो। तर, माओवादी केन्द्र, जसपा नेपाल, नेकपा (एस), राप्रपा, संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीका सांसदहरूले संयुक्त रूपमा उठेर विरोध जनाएपछि बैठक अघि नबढी स्थगित गरिएको हो।

## मोहर्रमको नाममा कफर्यु जस्तो अवस्था

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२२ असार ।***

मुस्लिम समुदायद्वारा मनाइने मोहर्रम पर्वको अवसरमा आयोजित कार्यक्रमलाई लक्षित गर्दै वीरगंजमा कर्फ्यु जस्तो अवस्था सिर्जना भएको छ। सुरक्षाको बहानामा स्थानीय प्रशासनद्वारा गरिएको कडा सुरक्षा व्यवस्थाका कारण सर्वसाधारणले सास्ती भोग्नुपरेको हो ।बजारमा किनमेल तथा दैनिक कार्यका लागि निस्किएका सर्वसाधारण र आगन्तुकहरूलाई ठाउँ-ठाउँमा प्रहरी चेकिङ्ग तथा ट्राफिक व्यवस्थापनका नाममा बाटो बन्द गर्दा अत्यधिक असहजता भएको हो । मोहर्रमको सन्दर्भमा बेलुका निकालिने झाँकी तथा ताजियाका लागि वीरगंज बजार क्षेत्रमा सुरक्षा सतर्कता अझै कडा बनाइएको छ। विभिन्न टोलहरूबाट बाजागाजा,



टाठीफाटा र हरियो झन्डासहितको टोली पुरानो बसपार्कतर्फ जम्मा हुन थालेका छन् । झाँकी प्रदर्शनसँगै युवाहरूले इमाम साहेबको प्रतीकात्मक झाँकीसमेत प्रस्तुत गरेका छन् । बेलुका बजार क्षेत्रमा ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल तैनाथ गरिएको छ। जिल्ला प्रहरी कार्यालय, पर्साका अनुसार बिहानैदेखि सुरु भएका विशेष कार्यक्रमहरू हालसम्म शान्तिपूर्ण रूपमा सञ्चालन भइरहेको र बजारको अवस्था सामान्य रहेको छ। मोहर्रमको अवसरमा वीरगंजको पछकैया र पुरानो बसपार्क क्षेत्रमा विशेष मेला लागेको छ, जहाँ स्थानीय बासिन्दासँगै टाढाटाढाबाट आएका श्रद्धालुहरूको उपस्थिति देखिन्छ।

## मदिरा सेवन गरी पत्रकारमाथि दुर्व्यवहार गर्ने जनस्वास्थ्य निरीक्षकमाथि कारबाहीको माग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२२ असार ।***

पर्सा जनस्वास्थ्य कार्यालयका संयोजक जयमोद ठाकुरले मदिरा सेवन गरेर पत्रकारमाथि दुर्व्यवहार गरेको आरोप लागेको छ। जिल्लास्वास्थ्य कार्यालय पर्साले क्लासिक बंक्वेटमा आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा मदिरा सेवनकै अवस्थामा आएका ठाकुरले पत्रकारहरूसँग अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गरेका थिए। चलचित्र पत्रकार संघले त्यही स्थानमा आयोजना गरेको चलचित्र पोस्टर सार्वजनिक कार्यक्रममा सहभागी भएका पत्रकारहरूसँग ठाकुरले बाहिरै आएर गालीगलौज गरेका थिए । पत्रकारहरूले ‘मदिरा सेवन गरेर आएको हो?’ भनेर सोध्नेबित्तिकै ठाकुर कार्यक्रमस्थल छोडेर भागेका थिए । पत्रकारहरूले सरकारी कर्मचारी, त्यसमा पनि स्वास्थ्य क्षेत्रमा काम गर्ने व्यक्ति डिउटीमै मदिरा सेवन गरेर दुर्व्यवहार



गर्नु अत्यन्त निन्दनीय भएको भन्दै उनलाई नियन्त्रणमा लिएर मापसे परीक्षण गर्न माग गरेका छन् । उनी भागेपछि कार्यक्रममा सहभागी केही स्वास्थ्यकर्मीहरूले समेत पत्रकारमाथि आक्रमणको प्रयास गरेको पत्रकारहरूले बताएका छन् । स्वास्थ्यजस्तो संवेदनशील विषयमा आयोजित अभिमुखीकरण कार्यक्रममा नै स्वास्थ्य निरीक्षक मदिरा सेवन गरेर उपस्थित हुनु गम्भीर प्रश्न उठाएको सहभागीहरूले बताएका छन् । ठाकुर आफूलाई पत्रकार र सूचनाको हकका अभियन्ता भएको भन्दै शक्तिको दम्भ देखाउने गरेको आरोप समेत स्थानीयहरूले लगाएका छन् । घटनाबारे प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई जानकारी गराइसकिएको र ठाकुरलाई नियन्त्रणमा लिएर मापसे परीक्षण गरिने प्रशासनले आश्वासन दिएको छ।

## बीरगन्ज स्थित हिमाल इन्स्टिच्युट अफ हेल्थ एण्ड टेक्निकल साइन्सद्धारा कम्प्युटर इन्जिनियरिङमा भर्ना शुरू

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२२ असार ।***

बीरगन्जको भिस्वास्थित द हिमाल इन्स्टिच्युट अफ हेल्थ एण्ड टेक्निकल साइन्सले प्राविधिक क्षेत्रमा करिअर बनाउने इच्छुक विद्यार्थीहरूको लागि कम्प्युटर इन्जिनियरिङ कार्यक्रममा प्रत्यक्ष भर्ना प्रक्रिया शुरू गरेको छ । विद्यार्थीहरूको सहजता र पारदर्शिताका लागि भर्ना प्रक्रिया २०८२ साउन ११ गतेसम्म जारी रहनेछ संस्थाले जनाएको छ । भर्नाका लागि विद्यार्थीले एसइईमा न्यूनतम १.६ जीपीए हासिल गरेको हुनुपर्नेछ, र प्रवेश परीक्षा फाराम शुल्क एक हजार रुपैयाँ तोकिएको छ ।इच्छुक विद्यार्थीहरूलाई निर्धारित समयभित्र संस्थामा सम्पर्क गरेर फाराम बुझाउन अनुरोध गरिएको छ र सम्पर्क गर्न अनुरोध गरिएको छ ।कम्प्युटर इन्जिनियरिङ अध्ययनले विद्यार्थीहरूलाई आजको प्रविधिमैत्री युगमा विश्वव्यापी अवसरहरू प्रदान गर्छ । कम्प्युटर इन्जिनियरिङ क्षेत्रमा सफ्टवेयर डेभलपमेन्ट,



आर्टिफिसियल इन्टेलिजेन्स, साइबर सेक्युरिटी, क्लाउड कम्प्युटिङ, र डेटा साइन्स जस्ता क्षेत्रमा उच्च माग छ । कम्प्युटर इन्जिनियरिङ पढ्ने विद्यार्थीको नेपाल र विदेशमा उच्च तलबसहितको जागिर र करिअर वृद्धिको सम्भावना उच्च रहेको छ ।नयाँ प्रविधिको आविष्कार र अनुसन्धानमा योगदान पुऱ्याउने इच्छा भएका विद्यार्थीहरूलाई कम्प्युटर इन्जिनियरिङले नवप्रवर्तन र रचनात्मकताका लागि प्रोत्साहन गर्छ । साथै, नेपालको शिक्षा, स्वास्थ्य, बैंकिङ, र सरकारी सेवा जस्ता क्षेत्रहरू प्रविधिमैत्री बन्दै गएकाले कम्प्युटर इन्जिनियरहरूले देशको समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ।विद्यार्थीहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन कम्प्युटर इन्जिनियरिङ क्षेत्रले फ्रिलान्सिङ, रिमोट वर्क, र स्टार्टअप शुरू गर्ने लचिलोपन पनि प्रदान गर्छ ।द हिमाल इन्स्टिच्युट अफ हेल्थ एण्ड टेक्निकल साइन्स कम्प्युटर इन्जिनियरिङ अध्ययनका लागि उत्कृष्ट गन्तव्य हो । संस्थाले गुणस्तरीय सैद्धान्तिक र व्यवहारिक शिक्षा प्रदान गर्छ, जसलाई अनुभवी प्राध्यापकहरू र प्रविधिमैत्री शिक्षण विधिले थप प्रभावकारी बनाएको छ ।संस्थाले करिअर परामर्श, इन्टर्नशिप, र

बाँकी तेश्रो पृष्ठमा⇨

## बाराका किसान चैते धान लागतभन्दा कम मूल्यमा बेच्न बाध्य

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२२ असार ।***

बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १७ का कृषक लालबाबु सहनीले झण्डै एक विगाहा जग्गामा चैते धान लगाएका थिए । उनको सो जग्गाबाट करिब एक सय मन भन्दा बढि धान फलेको छ। धान राम्रै उत्पादन भएपनि उनी खुसी भने छैनन्। यो बर्ष धान उत्पादन भएपनि उत्पादन भएको धानले उचित मुल्य नपाएपछि कृषक सहनी दुखी भएका हुन ।कृषक सहनी मात्र होईन अहिले उत्पादन भएको चैते धानले यो बर्ष भाउ नपाउदा धान खेती गर्ने सवै किसानहरु दुखी भएका छन । व्यापारीहरुले धान सस्तो मुल्य लगाएपछि विक्री नै नगरेको उनको भनाई छ । लगानी पनि नउठ्ने भएपछि सहनी यतिखेर चैते धान लगाएकोमा पछुतो मान्दैछन । यस्तै जीतपुरसिमरा १७ कै अर्की किसान विमला नेपालको पनि दुखेसो उस्तै छ । झण्डै डेढ विगाहामा चैत धान खेती गरेको तर अहिले धान विक्री गर्न नै गाह्रो भएको नेपालले बताईन । धानको भाउले गर्दा खेती गर्न लागेको लागत मुल्य पनि नउठ्ने उनको भनाई छ । अहिले किसानहरुले चैते धान प्रति किलो १८ रुपैयादेखी २२ रुपैया बन्दा बढि मुल्य पाएका छैनन । धान उत्पादनमा लागत बढी हुन र किसानहरुले धानको उचित मुल्य नपाउदा किसानहरु निरास छन । गतबर्ष प्रति किलो ३० रुपैया भन्दा बढी मुल्य पाएर चैते धान खेती गर्न

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## प्रधानमन्त्रीमा हुनुपर्ने बोध

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठाको परियोजना मानेको त्रिवि क्रिकेट रंगशालामा दोस्रोपटक थपिएको मितिमा पनि नबन्ने भएको छ । प्रधानमन्त्री ओलीले दोस्रोपटक घोषणा गरेको समयमा यही असार मसान्तमा सकिदैछ । तर त्यसअघि नै युवा तथा खेलकुद मन्त्रालयले यो मसान्तभित्र रंगशाला तयार नहुने जानकारी दिइसकेको छ । नेकपा एमालेका अध्यक्ष ओलीले गत वर्ष ३१ असारमा चौथोपटक प्रधानमन्त्री नियुक्त भएपछि पहिलो निर्णयका रुपमा क्रिकेट रंगशालामा फ्लड लाइट जडान र प्याराफिट निर्माण ३०० दिनभित्र गरिसक्ने निर्णय गरेका थिए । मन्त्रिपरिषद्को यो पहिलो निर्णयलाई ओलीले सामाजिक सञ्जाल मार्फत् आफै सार्वजनिक गरेका थिए । युवा पुस्ताको ध्यान तान्न प्रधानमन्त्री ओलीले क्रिकेट रंगशाला निर्माणलाई प्रतिष्ठाको परियोजना बनाएका थिए । तर घोषित ३०० दिनभित्र रंगशालामा फ्लडलाइट जडान र प्याराफिट निर्माण हुन सकेन । घोषित मितिमा निर्माण सकिएको भए गत २४ वैशाखमा प्रधानमन्त्री ओलीले रंगशाला शिलान्यास गर्ने थिए । तर घोषित मितिको तीन दिन अगि ओलीले सामाजिक सञ्जालबाटै आफूले भनेको समयमा काम हुन नसकेको जानकारी दिए । दोष भने उनले ठेकेदारलाई दिएका थिए । ठेकेदारका कारणले रंगशाला निर्माण समयमा नसकिएको भन्दै थप दुई महिनामा काम सकिने बताएका थिए । तर थपिएको दुई महिनामा पनि रंगशाला निर्माणाधीन अवस्थामै रहने भएको छ । अर्थात् ओलीको पहिलो निर्णय नै अधुँरो हुन पुगेको छ । त्यसमा पनि आम युवाहरुको चासो रहेको रंगशाला बनाउन ओली असफल भए । जबकि ओलीका निम्ति यो अन्तिम अवसर थियो । चौथोपटक प्रधानमन्त्री रहेका ओली अर्कोपटक के हुने भन्ने निश्चित छैन । एमालेभित्रै ओलीको विकल्प खोज्ने गतिविधि तीव्र छ । यसअघि यस्तो दृष्य एमालेभित्र देखिएको थिएन । तर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्किएपछि ओलीको विकल्प खोजी तीव्र छ । यस्तो बेला ओलीले काम गरेरै आफूलाई स्थापित गर्नुपर्ने हो । अभिव्यक्तिकै कारण त अब उनलाई पत्याउने अवस्था छैन । चौथोपटक प्रधानमन्त्री पदको शपथ लिएपछि ओलीले पनि काम गरेरै स्थापित हुने बताएका थिए । तर पहिलो परियोजनामै उनी असफल भए । अरु परियोजनाहरुको विकास अवस्था पनि चित्तबुभ्दो छैन । यस्तो अवस्थाको रियलाइजेसन भने प्रधानमन्त्रीमा देखिएको छैन । सरकारको वर्षदिन पुगिरहँदा यसतर्फ प्रधानमन्त्रीलाई साझेदार र समकालीन नेताहरुले सम्झाइदिन जरुरी छ ।

# स्वास्थ्य सेवामा भयावह

**डा. बालकृष्ण साह**



नेपालको चिकित्सा क्षेत्र अहिले एउटा गम्भीर, विधिक र नैतिक द्वन्द्वको घेरामा छ । चिकित्सक समुदाय, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघ र उपभोक्ता अदालतबीचको एक किसिमको द्वन्द्व छ । र, यो द्वन्द्वले प्रभावित हुँदैछ । हुनत यो द्वन्द्वमा केवल ऐन-कानुनको विषय मात्रै होइन । यसले हाम्रो समाजले स्वास्थ्य सेवा, कानुनी चेतना र पेसागत प्रतिष्ठा कसरी बुझ्छ ? भन्ने प्रश्नसँग समेत गाँसिएको छ । सन् २०१८ मा लागू भएको उपभोक्ता संरक्षण ऐन २०७५ ले स्वास्थ्य सेवालाई पनि उपभोक्ताले लिने सेवा भनेर परिभाषित गर्‍यो । त्यसपछि गठित उपभोक्ता अदालतहरूमा स्वास्थ्य सेवासम्बन्धी उजुरीहरू दर्ता हुन थाले । पछिल्ला महिनाहरूमा ती अदालतहरूले केही अस्पतालहरू र चिकित्सकहरूलाई करोडौं क्षतिपूर्तिको आदेश दिए । जुन निर्णय चिकित्सकहरूले अन्यायपूर्ण र एकपक्षीय ठाने । चिकित्सकहरूको भनाइः 'हामी सेवा दाताहरू हौं, सामान बेच्ने व्यापारी होइनौं । रोग र औषधिको प्रभाव र प्रतिक्रिया नै हरेक व्यक्तिमा फरक-फरक हुन्छ । असफलता नै लापरबाही होइन ।' र, अदालतको तर्कचाहिँ 'सेवा दिने पक्षले उपभोक्तालाई हानी पुग्ने गरी कार्य गर्‍यो भने उपभोक्तालाई क्षतिपूर्ति दिने अधिकार छ ।' यसैबीच चिकित्सक संघले आन्दोलनको घोषणा गर्‍यो । कालोपट्टी लगाएर सेवा दिएर ध्यानाकर्षण गर्न खोजियो । ज्ञापनपत्र बुझायो । र, अन्ततः सेवा नै अबरुद्ध गर्ने, प्रमाणपत्र फिर्ता गर्ने र आकस्मिक स्वास्थ्य सेवा नै ठप्प गर्नेसम्मको कार्यक्रम बनेको छ । तर, चिकित्सकहरूले चिकित्सकहरूलाई लापरबाही गर्न छुट दिनुपर्छ भनेका होइन । तर, फैसलाहरू विज्ञता र वैज्ञानिक आधारमा बनुन् भनेका हुन् । हो, स्वास्थ्य सेवासम्बन्धी उजुरी र लापरबाहीका मुद्दा संसारभरि आउँछन् । तर, ती मुद्दाहरूको प्रकृति, निर्णय प्रक्रिया र दण्ड-प्रणाली हरेक देशमा फरक-फरक हुन्छन् । अमेरिका, बेलायत, भारत जस्ता देशहरूमा पनि चिकित्सकमाथि मुद्दा लाग्न सक्छ । अमेरिकामा मेडिकल म्यालप्राक्टिस सुटहरू सिभिल कोर्ट वा विशेष नियामक निकायहरूमा हेर्ने गरिन्छ । अमेरिकामा अदालतमा चिकित्सकको बचाउ गर्न विशेषज्ञ चिकित्सकको शपथपत्र सहितको राय अनिवार्य हुन्छ । बेलायतमा नेशनल हेल्थ सर्भिसअन्तर्गत सेवा दिने चिकित्सकमाथि उजुरी आएमा जनेरल मेडिकल काउन्सिलमा अनुसन्धान हुन्छ । अदालत जानुअघि नियामक निकायमा उजुरी अनिवार्य हुन्छ । भारतमा पनि कन्सुमर प्रोटेक्सन एक्ट अर्थात् उपभोक्ता संरक्षण ऐन लागू छ । यसअन्तर्गत सेवा दिने अस्पताल वा चिकित्सकमाथि उजुरी गर्न सकिन्छ । तर, भारतको सर्वोच्च अदालतले बारम्बार भनेको छः ' अदालतले चिकित्सकीय लापरबाहीको मुद्दामा विशेषज्ञ राय नलिइकन फैसला गर्नु न्यायिक गल्ती हो ।' अन्तर्राष्ट्रिय अभ्यासले पनि चिकित्सकको लापरबाही सावित गर्न विशेषज्ञ राय अनिवार्य हुन्छ भनेर स्पष्ट देखाउँछ । नेपालमा भने यसको बेवास्था गरेको देखिन्छ । नेपालमा पनि मेडिकल काउन्सिल छ, तर मौन बस्यो । त्यसैले द्वन्द्वको सिर्जना भयो । नेपालको संविधान र कानुनी शासनअन्तर्गत अदालतको फैसला नै अन्तिम हुन्छ । उपभोक्ता अदालतले गरेको फैसला गल्त नै भए पनि उल्टाउन सक्ने भनेको सोभन्दा माथिल्लो तहको अदालतले मात्रै हो । कुनै पनि फैसला आन्दोलन, विरोध वा प्रधानमन्त्रीको निर्देशनले बदर गर्न सकिँदैन । नेपालको न्यायिक स्वतन्त्रताअनुसार अदालतलाई 'फैसला यसरी गर' भनेर सरकार, प्रधानमन्त्री, मन्त्री वा कुनै संघ-संस्थाले निर्देशन दिन पनि पाउँदैन । त्यसको औपचारिक कानुनी उपाय भनेको उच्च अदालत वा सर्वोच्च अदालतमा रिट हाल्ने हो । त्यसैले आन्दोलन केवल दवाब सिर्जना गर्ने माध्यम हो, न्याय प्राप्तिको औपचारिक विधि होइन । उपभोक्ता अदालतले जुन ऐनमा टेकेर स्वास्थ्य सेवासम्बन्धी निर्णय दिइरहेछ, त्यो हो 'उपभोक्ता संरक्षण ऐन, २०७५' । यस ऐनको धारा २(प) अनुसार 'सेवा' भन्नाले व्यक्ति वा संस्था वा कम्पनीले व्यावसायिक रूपमा दिने कुनै पनि सेवा भन्ने बुझिन्छ । जसमा स्वास्थ्य सेवा, शिक्षा, यातायात, बिमा आदि समावेश छन् । तर, स्वास्थ्य सेवा सामान्य व्यापारिक सेवा होइन । यो अनिश्चितता र जोखिमपूर्ण निर्णयहरू सँग जोडिएको सेवा हो । एउटै रोगमा एउटै उपचार विधि सबैमा सफल हुँदैनन् । चिकित्सकले जानीजानी बिरामीलाई हानी पुर्‍याउने उद्देश्य पक्कै राख्दैनन् । बिमारीमा आएको जटिलता वा मृत्यु 'दुर्भाग्य हो कि लापरवाही' भन्ने छुट्ट्याउन चिकित्सकीय विशेषज्ञता आवश्यक पर्छ । यदि यही ऐन रहिरह्यो भने, यस्ता फैसला निरन्तर आउनेछन् । त्यसैले ऐनमा संशोधन अपरिहार्य छ । स्वास्थ्य सेवा जस्तो मानवीय, संवेदनशील विषयलाई विशेष व्यवस्थासहित अलग अध्यायमा राखिनुपर्छ । यसका लागि संसद्मा विधेयक ल्याउनुपर्छ, वा सरकारको तत्परतामा अध्यादेशमार्फत संशोधन सम्भव छ । तर, यो सजिलो वा छिटो प्रक्रिया पक्कै होइन । यो अवस्थाको सिर्जना हुनुमा स्वास्थ्यका नियामक संस्थाहरूको कमजोरी पनि छ । बिरामीले उजुरी गरेपछि लापरवाही थियो कि थिएन भन्ने छानबिन गर्ने काम नेपाल मेडिकल काउन्सिलको हो । तर, काउन्सिलले समयमा निर्णय नगर्ने र चिकित्सकलाई दण्ड/जरिवाना गरे पनि अर्को पक्षलाई सम्बोधन नगर्ने भएकाले पीडित उपभोक्ता अदालतमा पुगेका हुन् । चिकित्सक र बिरामीबीचको विवादलाई काउन्सिल कतै न कतै चुकेभन्दा फरक नपर्ला । जब २०७५ मा उपभोक्ता संरक्षण ऐन बनाइँदै थियो, त्यसबेला नेपाल चिकित्सक संघ पनि मौन बसेको देखियो । संघले त्यहि समयमा ऐनमा 'मानव स्वास्थ्य सेवा' भनेर छुट्टै व्यवस्था गर्न दबाब दिनुपर्थ्यो । त्यो गरिएन । मुद्दा अदालतमा जाँदा पनि, संघले संविधानअनुसारको दबाब, राय, वा परामर्श यथासमयमा दिएको देखिँदैन । अब यी कमीकमजोरीले ठूलो र उग्ररूप लिइसकेको छ । नेपालमा उत्पन्न चिकित्सा क्षेत्रसम्बन्धी संकट गम्भीर मोडमा पुगेको छ । चिकित्सक संघको आक्रोश, उपभोक्ता अदालतको एकपक्षीय निर्णय, र सरकारको ढिलासुस्तीबीच अब स्वास्थ्य सेवा नै ठप्प हुने खतरामा छ । नेपाल चिकित्सक संघले आइतबार धर्ना, सोमबार आकस्मिक सेवाबाहेक सबै सेवा बन्दको घोषणा गरेका छन् ।

अझ गम्भीर कुरा सोमबार नै काउन्सिलमा दर्ता प्रमाणपत्र बुझाउने तयारी गरेका छन् । अर्थात् मेडिकल काउन्सिलको प्रमाणपत्र नभए पछि चिकित्सले कुनै किसिमको चिकित्सकिय सेवा दिन नपाउने अवस्था हो । अर्थात् देश डाक्टरविहीन हुँदैछ । आकस्मिक सेवा पनि प्रभावित हुने निश्चत छ । सेवा बन्द हुनुको मार बिरामी, गरिब, सुत्केरी, दीर्घरोगी, र आकस्मिक सेवाका लागि भर पर्ने जनतामा पर्छ । यस्तो परिस्थितिमा सेवा अवरुद्ध हुन नदिन सरकारले तुरुन्त उठाउन सक्ने कदमहरू यथार्थ र व्यावहारिक हुनुपर्छ, जसले चिकित्सक समुदायको चासोको इज्जत पनि गरोस् र जनताको स्वास्थ्य पहुँच पनि सुनिश्चित होस् । यस अवस्थामा के गर्ने ? स्पष्ट छैन । तर, यो अन्यौल नचिरि हुँदैन । मन्त्रिपरिषद्को आकस्मिक बैठकले समाधान गर्न सक्छन् कि ? आशाचाहिँ छ । यो विषय सामान्य मन्त्रालय स्तरीय हैन, स्वास्थ्य र कानुन दुवै क्षेत्र समेटिने गम्भीर नीतिगत मुद्दा बनाउनुपर्छ । प्रधानमन्त्री स्वयंको अध्यक्षतामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल चिकित्सक

बाँकी तेश्रो पृष्ठमा⇨

# कांग्रेसजनको उकुसमुकुस

**डा. शोभाकर पराजुली**

'मत रिटायर्ड हुन लाग्या छु । यो पार्टीलाई एक बनाउने इच्छा छ' केही दिनअघि चितवनमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भन्नुभएको थियो, 'एउटाले टिकट पाउँछ, अर्कोले पाउँदैन । नपाउने हराउन लाग्छ । हाम्रो पार्टीको रोग नै यही हो । हामी एक हुने हो भने हाम्रो पार्टीले एक्लैले बहुमत ल्याउँछ ।' सटिक तर पार्टी जीवनका लागि निकै अर्थपूर्ण अभिव्यक्ति दिएर सभापति देउवाले अब नेपाली कांग्रेसको एउटा नयाँ बाटो खोलिदिनुभएको छ । उहाँले बोलेका यी शब्दहरूका कैयौं अर्थहरू छन् । राजनीतिक जीवनको उत्तरार्द्धमा देउवाजीले गर्नुभएको यो आत्मसमीक्षा अनि स्विकारोक्तिले लोकतन्त्र र नेपाली कांग्रेसलाई चाहने लाखौं कार्यकर्तालाई एक प्रकारको ऊर्जा थपेको छ अनि सच्चिएर अघि बढ्ने प्रेरणा पनि मिलेको छ । यो मात्रै नेतृत्व हस्तान्तरणको कुरा होइन । यो भनेको एउटा राजनैतिक धर्म र नैतिकता पनि हो । अनि बाँचुञ्जेली पदमै रहन्छु भन्ने लालची मानसिकतालाई यो एउटा गतिलो पाठ पनि हो । यस अर्थमा सभापतिज्यू धन्यवादका पात्र हुनुहुन्छ । देशको राजनीति अहिले स्थिर छैन । सरकार चलिरहेको छ । सत्ता अघि बढिरहेको छ । तर राजनीति जस्तो हुनुपर्ने हो त्यस्तो छैन । राजनीतिक गतिविधिहरू बिथोलिएका छन् । अराजकताले सीमा नाघेको छ । संसद् संसद्जस्तो छैन । सांसदहरू सांसदजस्ता छैनन् । सरकार सरकारजस्तो छैन । नेताहरू नेताजस्ता छैनन् । मन्त्रीहरू मन्त्रीजस्ता छैनन् । प्रशासकहरू प्रशासकजस्ता छैनन् । देश कति भताभुंग अनि राजनीतिक रूपमा कति लथालिंग भइसकेको छ भन्ने कुरा त संसद्मा अचेल हरेक दिन देखिने 'रमिते सांसद'हरूलाई हेरे पुग्छ । संसदभत्रको संसदीय मर्यादा के हो ? त्यो थाहा छैन । संसद्मा के गर्ने वा के नगर्ने ? त्यो पनि थाहा छैन । कस्तो बोल्ने भन्ने 'तमिज' छैन । के बोल्ने भने मेसो छैन । के भन्ने होसै नभएकाजस्ता सांसदहरूले जसरी अहिले रमिता देखाइरहेका छन्, त्यसबाट नयाँ पुस्तामा राजनीतिप्रति झन्झन् वितृष्णा बढाइरहेको छ । अहिलेको यथार्थ यही हो । सरकार अनि सांसदहरूले सबैले सहमति गरेअनुसार भनेको समयमा विद्यालय शिक्षा ऐन जारी हुन सकेको छैन । त्यसको 'सकस' के हो भन्ने कुरा सबैलाई थाहा छ । तर पनि समस्या समाधान गर्नुभन्दा त्यसलाई राजनीतिक स्वार्थका कारण ' होल्ड' गरिन्छ । अझ भर्खरैको ताजा छलकपटले त अझ सरकार, नेता, सांसद अनि कर्मचारीहरू कतिसम्म हर्कत गर्न सक्छन् भन्ने उदांगो भएको छ । हालैमात्र प्रतिनिधिसभाबाट पारित भएको निजामती सेवा विधेयक ऐनमाथि छेडखानी भएको कुरा सार्वजनिक भएको छ । यो मात्रै कुनै व्यक्ति वा निकायको 'कमजोरी' होइन । बरु त्यसमा चलखेल गर्नेहरूको यो गम्भीर अपराध हो । साझा सहमतिबाट पारित भएको ऐनमै यसरी छेडखानी र कोरकार हुन थाल्यो भने आम नागरिकले कसको विश्वास गर्ने ? अनि केको भरोसा गर्ने ? ऐनमा राखिएको 'कुलिङ पिरियड'को व्यवस्थालाई केरमेट गरेर उच्च प्रशासकहरूले गम्भीर अपराध गरेका छन् । सरकारले छानबिन गरेर हदैसम्मको कारबाही गर्नैपर्छ । यद्यपि यसमा राजनीतिक विवादहरू थिए । तर अन्तिममा सहमति भयो । ऐनको मस्यौदा हुँदा नै कर्मचारी र प्रशासकहरू हाबी भएको कुरा सत्य नै हो । सत्तापक्ष र अरू पार्टीहरू समेत त्यो व्यवस्था खारेज गर्ने पक्षमा उभिने बेलासमेत

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## इयू-चीन व्यापार द्वन्द्व : चीनद्वारा प्रतिशोधात्मक प्रतिबन्धको घोषणा

***काठमाडौं, २२ असार ।***

युरोपेली सङ्घ (इयू) ले चिनियाँ कम्पनीहरूलाई प्रमुख चिकित्सा उपकरण खरिदमा प्रतिबन्ध लगाएपछि चीनले आइतबार जवाफी प्रतिबन्धको घोषणा गरेको छ । चीनको अर्थ मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'चीनमा स्थापना भएका युरोपेली पूँजी भएका कम्पनीहरूबाहेक युरोपेली युनियनका कम्पनीहरूलाई चार करोड ५० लाख युआन (६३ लाख अमेरिकी डलर) भन्दा बढीको मागबाट बाहिर राखिनेछ ।' सम्बन्ध सुधारका लागि चीनका विदेशमन्त्री वाङ यीले गत साता युरोपेली सङ्घको मुख्यालय ब्रसेल्सका साथै फ्रान्स र जर्मनीको भ्रमण गरेका थिए । यद्यपि, इयूको चीनसँग ३५७.१ अर्ब डलरको व्यापार घाटासहित आर्थिक सम्बन्धमा गहिरो द्वन्द्व कायमै छ । आइतबारदेखि लागू हुने गरी चीनले लगाएको प्रतिबन्धमा कृत्रिम उपकरण, पार्टपुर्जादेखि मेडिकल मेसिनरी र सर्जिकल उपकरणसम्मका उत्पादन समावेश गरिएको छ । चिनियाँ अर्थ मन्त्रालयले गैर-युरोपेली कम्पनीहरूको सवालमा इयूका उत्पादनहरूको अनुपात ५० प्रतिशतभन्दा बढी हुन नसक्ने बताएको छ । इयूले चीनबिरूद्ध दोहोरो मापदण्ड अपनाएको र चिनियाँ कम्पनीहरूलाई ५० लाख यूरो (५८ लाख डलर) भन्दा बढीको सरकारी मेडिकल उपकरणहरू खरीदमा प्रतिबन्ध लगाएको बेइजिङले आरोप लगाएको र बदलामा इयूले बेइजिङका तर्फबाट आक्रोशपूर्ण प्रतिक्रियाको सामना गर्नुपरेको हो । युरोपेली सङ्घले उक्त प्रतिबन्ध 'चीनले लामो समयदेखि इयूमा निर्मित मेडिकल उपकरणलाई चिनियाँ सरकारी सम्झौताबाट बहिष्कृत गरेको' प्रतिक्रिया भएको बताएको थियो । ब्रसेल्सका अनुसार चीनमा निर्यात हुने चिकित्सा उपकरणहरूको लागि सार्वजनिक खरिद सम्झौताको झन्डै ९० प्रतिशत इयूका फर्महरू 'बहिष्करण र भेदभावपूर्ण मापदण्डको दायरामा' थिए ।




चीनको वाणिज्य मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'चीनले पटक-पटक द्विपक्षीय संवादका माध्यमबाट सार्वजनिक खरिदका क्षेत्रमा परामर्श, संवाद र द्विपक्षीय व्यवस्थाका माध्यमबाट यी विवादहरूको उचित समाधान गर्न आफ्नो इच्छा व्यक्त गर्दै आएको छ ।' विगत तीन वर्षमा ब्रसेल्स र बेइजिङ इलेक्ट्रिक कार, रेल उद्योग, सौर्य प्यानल र हावाबाट चल्ने टर्बाइनसहितका धेरै आर्थिक कारोबारहरूमा द्वन्द्व देखिएको थियो ।

## टेक्सासमा बाढीमा परी मृत्यु हुनेको संख्या ५० पुग्यो

***काठमाडौं, २२ असार ।***

अमेरिकाको टेक्सास राज्यमा मुसलधारे वर्षाका कारण आएको विनाशकारी बाढीका कारण मृत्यु हुनेको संख्या अहिलेसम्म ५० पुगेको छ । उद्धारकर्मीले हराइरहेका २७ जना बालिकाको खोजी जारी गरिरहेका छन् । मध्य टेक्सासमा समुदायहरूमा पानी बढेपछि धेरै आकस्मिक बाढीको चेतावनी जारी गरिएको छ, ग्वाडालुप नदी बाढीका कारण मात्र ४५ मिनेटमा २६ फिट (आठ मिटर) ले बढेको थियो । केर काउन्टीको ग्रीष्मकालीन शिविरमा सयौं मानिस बसिरहेका समय आएको बाढीका कारण ठूलो संख्यामा मानवीय हताहत भएको हो । बाढीप्रभावित क्षेत्रका शेरिफ ल्यारी लेइथाले भने, 'हामीले केर काउन्टीमा ४३ जना मृतकलाई उद्धार गरेका छौं । तीमध्ये २८ जना वयस्क र १५ जना बालबालिका छन् ।' अन्य काउन्टीहरूमा पनि बाढीको असर परेको र धेरै पीडितहरू फेला परेका छन् । बाढीका कारण अहिलेसम्म (आइतबारसम्म) मृत्यु हुनेहरूको संख्या ५० पुगेको छ । टेक्सास डिपार्टमेन्ट अफ इमर्जेन्सी म्यानेजमेन्टका प्रमुख निम किडले वायु, स्थल र जल सेनाले ग्वाडालुप नदीको किनारमा वेपत्ताहरूको खोजी कार्य जारी राखेका छन् । उनले भने, 'बेपत्ता भएका सबै नभेटिँदासम्म उनीहरूको खोजी जारी रहनेछ ।' टेक्सासका गभर्नर ग्रेग एबोटले आफूले राज्यको विपद् घोषणालाई विस्तार गरिरहेको र राष्ट्रपति डोनाल्ड ट्रम्पसँग थप संघीय स्रोतको अनुरोध गरिरहेको बताएका छन् । उपराष्ट्रपति जेडी भान्सले शनिबार उक्त विपत्तिलाई 'नबुझिने खालको त्रासदी' को संज्ञा दिएका छन् । **ठूलो मानवीय क्षति** टेक्सास राज्यको सार्वजनिक सुरक्षा विभागका निर्देशक फ्रिम्यान मार्टिनले लगातारको भारी वर्षाका कारण उद्धारकर्ताका लागि अवस्था चुनौतीपूर्ण बनेको बताए । मार्टिनले यस विपत्तिलाई 'सामूहिक हताहतको घटना' भनेका छन् । राज्य र स्थानीय अधिकारीहरूले नदीको किनारमा अवस्थित याम्प मैदानहरूसहित दर्जनौं सडक क्षेत्रमा यात्रा गर्ने बासिन्दाहरूलाई चेतावनी दिएका छन् ।

## एलन मस्कद्वारा "अमेरिका पार्टी" गठन

***काठमाडौं, २२ असार ।***

विश्वप्रसिद्ध अर्बपति उद्यमी एलन मस्कले अमेरिकी राजनीतिक परिदृश्यमा ठूलो हलचल ल्याउँदै नयाँ राजनीतिक दल 'अमेरिका पार्टी' स्थापना गरेको घोषणा गरेका छन् । पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पका नजिकका सहयोगी रहिसकेका मस्कले शनिबार सामाजिक सञ्जाल ह्र (पूर्व ट्विटर) मार्फत् नयाँ दल खोलिएको जानकारी दिएका हुन् । यद्यपि, उनले पार्टीको औपचारिक दर्ता भइसकेको छ कि छैन भन्ने खुलाएका छैनन् । पार्टीको संगठनात्मक स्वरूप वा नेतृत्व संरचनाबारे पनि विस्तृत विवरण हालसम्म सार्वजनिक गरिएको छैन । सीका अनुसार अमेरिकाको संघीय निर्वाचन आयोग (ँभ्ऋ) ले शनिबारसम्म उक्त पार्टी दर्ता सम्बन्धी कुनै जानकारी पुष्टि गरेको छैन । मस्कले भनेका छन् कि 'अमेरिका पार्टी' ले रिपब्लिकन र डेमोक्रेटजस्ता परम्परागत दुई ठूला दललाई प्रत्यक्ष चुनौती दिनेछ । अमेरिकी राजनीतिक प्रणालीमा वैकल्पिक शक्तिको खाँचो भएको भन्दै उनले नयाँ धार ल्याउने दाबी गरेका छन् ।

याद रहोस्, मस्कले ट्रम्प प्रशासनमा सरकारी खर्च कटौतीसम्बन्धी समितिको प्रमुखको रूपमा काम गरेका थिए ।

आन्तरिक मतभेदका कारण पदबाट राजीनामा दिएलगत्तै उनले नयाँ दल खोल्ने संकेत दिएका थिए । सन् २०२४ को अमेरिकी राष्ट्रपतीय निर्वाचनमा मस्कले खुलेर ट्रम्पको समर्थन गरेका थिए र २५ करोड अमेरिकी डलर चन्दा दिएका खबरहरू पनि निकै चर्चित भएका थिए ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### स्वास्थ्य सेवामा भयावह....

संघ, मेडिकल काउन्सिल, कानुन आयोगका पदाधिकारी, र संसद्को स्वास्थ्य तथा कानुन समितिका संयोजकहरूको उपस्थितिमा गोलमेच संवाद आवश्यक छ । यही संवादमा 'दुवै पक्षको असन्तुष्टि' सुन्ने हैन, समाधान दिने उद्देश्य राखिनुपर्छ । त्यस बैठकबाट उपभोक्ता अदालतका पछिल्ला फैसलाहरूमा चिकित्सा विशेषज्ञता र न्यायिक प्रक्रियाको तालमेल नमिलेकाले सरकारले चिकित्सा क्षेत्रसम्बन्धी मुद्दालाई हेर्न विशेष 'मेडिकल ट्राइब्युनल' वा 'स्वतन्त्र स्वास्थ्य सेवा न्यायिक बोर्ड' गठन गर्नुपर्छ । यसैको आधारमा ऐन संशोधनको तयारी गर्नुपर्ने र तत्काल गर्ने सन्देश दिनुपर्छ । यो आश्वासन केवल मौखिक नभएर मन्त्रिपरिषद्को निर्णयमा स्पष्ट रूपमा अंकित हुनु आवश्यक छ । नेपाल चिकित्सक संघसँग सशर्त संवादका आधारमा तुरुन्त सेवा सुचारु गराउने सहमति बनाउन सकिन्छ । संघले सार्वजनिक रूपमा सेवा बन्दलाई स्थगित गर्ने तर समयसीमा नतोकेसम्म आन्दोलनको चरण नरोकिने सन्देश दिन सक्ने वातावरण बनाउँदा जनहितमा हुन्छ । यसका लागि मन्त्रिपरिषद्ले १५ दिनभित्र समाधान ल्याउने प्रतिबद्धता सार्वजनिक रूपमा घोषणा गर्न सक्छ । साभार अन्नपूर्ण

### कांग्रेसजनको उकुस..........

नेता शेखर कोइरालाको दबाबका कारण प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसले अडान छोडेन । त्यसैले ऐनमा त्यो व्यवस्था कायम भयो । तर सांसदहरूलाई छलेर अनधिकृत रूपमा कर्मचारीहरूले त्यसलाई तोडमोड गरे । यस्तो अवस्थामा सत्ताको एक प्रमुख हिस्सेदार नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक सुरु भएको छ । प्रतिस्पर्धी राजनीतिक दल नेकपा एमालेसँग सत्ता साझेदारी गरेको एक वर्ष पुग्नै लाग्दा नेपाली कांग्रेस पनि केन्द्रीय समितिको बैठकमा छ । विधानतः हरेक दुई महिनामा पर्ने बैठक एकैपटक नौ महिनापछि बस्न थालेको छ । तथापि अहिलेको अवस्थामा यो निकै महत्वपूर्ण बैठक सावित हुनुपर्छ । यो मात्रै केही पानाका निर्णय लेखिने अनि केही बुँदाका निर्णयहरू कुँदिने औपचारिकतामा मात्रै सीमित हुनुहुन्न । त्यसका लागि बैठकको सुरुवातमा कांग्रेसका नेता डा. शेखर कोइरालाले जसरी नेतृत्व अर्थात् पार्टी सभापतिज्यूलाई सचेत पार्नुभएको छ । त्यो निकै महत्वपूर्ण छ । पार्टीको आन्तरिक जीवनका लागि, समग्र कार्यकर्ताका लागि अनि आगामी भविष्यका लागि पनि । र, सँगसँगै देशीय राजनीतिका सन्दर्भमा उहाँले उठाउनुभएका कुराहरू पनि निकै प्रभावकारी छन् । यसलाई पार्टी नेतृत्वले गम्भीरताका साथ लेओस् । पार्टी जीवनसँग गाँसिएको सबैभन्दा महत्वपूर्ण कुरा भनेको १५औं महाधिवेशनको समय हो । यो कुनै पनि हालतमा आगामी मंसिरमै हुनुपर्छ । यद्यपि पार्टी सभापतिज्यूले महाधिवेशन समयमै हुन्छ भनेर आश्वासन दिइसक्नुभएको छ । साभार अन्नपूर्ण

### बीरगञ्जमा "मोहर्रम..........

संख्यामा जनशक्ति परिचालनको योजना बनाएको छ । ९१३ जना नेपाल प्रहरी, जसमध्ये करिब ७०० जना वीरगन्ज क्षेत्रमै केन्द्रित सुरक्षा व्यवस्थामा खटिएका छन् । यसका अतिरिक्त, बागमती प्रदेश प्रहरी कार्यालय र मधेश प्रदेश प्रहरी कार्यालयका विभिन्न गण तथा नजिकका जिल्लाहरूबाट पनि थप २५० जना प्रहरी टोली मगाइएको र उनीहरू आइसकेको जानकारी डीएसपी लम्सालले दिए ।सुरक्षालाई थप सुदृढ बनाउन सादा पोशाकमा धेरै प्रहरी परिचालन गरिएको छ । साथै, संवेदनशील स्थानहरूमा 'हाई पोइन्ट ड्युटी' राखिएको छ भने, ड्रोन क्यामेरा र अन्य सीसीटीभी क्यामेराबाट निरन्तर निगरानी गरिनुका साथै भिडियोग्राफी पनि गरिने भएको छ ।

### बाराका किसान चैते...........

हौसेका बाराका किसानहरु यो बर्ष मुल्य नपाएपछि पछुतो मानिरहेका छन । अर्को विडम्बना कतिपय स्थानीय व्यापारीहरुले धान किन्न नमानेपछि किसानहरुले उधारोमा भएपनि धान वेच्न बाध्य भएका छन ।सरकारले धानको सर्मथन मुल्य निर्धारण गर्ने तर धान किन्नका लागि तत्परता नदेखाउदा स्थानीय व्यापारीहरुले मनोमानी रुपमा धान किन्ने गरेको जीतपुरसिमरा वडा नम्बर १७ का निवर्तमान वडाअध्यक्ष नवराज खड्का बताउछन । उनले किसानहरुको धान खरिद गर्न सरकारले सहजीकरण गर्नु पर्ने बताए । सरकारको उदासिन्दाकै कारण बाराका १६ वटै स्थानीय तहहरुका किसानहरुले यो बर्ष चैते धान लागत मुल्य भन्दा कममा धान बेच्न बाध्य भएका छन ।

### बीरगञ्ज स्थित हिमाल.......

जागिरका अवसरहरूमा सहयोग प्रदान गर्नुका साथै स्वास्थ्य तथा प्राविधिक क्षेत्रको एकीकृत दृष्टिकोणले विद्यार्थीहरूलाई स्वास्थ्य प्रविधि जस्ता उदीयमान क्षेत्रसँग जोड्ने अवसर पनि दिन्छ ।अवसर उपयोग गर्न इच्छुक विद्यार्थीहरूलाई २०८२ साउन ११ गतेभित्र भर्ना प्रक्रियामा सहभागी हुन र सम्पर्क नम्बरहरू (९८११२७६१५६, ९८४५२२९९६३, ९८१२२१४३८३) मार्फत थप जानकारी लिन जोडदार अनुरोध गरिन्छ । द हिमाल इन्स्टिच्युटले प्रदान गर्ने गुणस्तरीय शिक्षा र प्राविधिक सीपले विद्यार्थीहरूको भविष्य उज्ज्वल बनाउनेछ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## गर्मीमा स्यानिटरी प्याडले हुने न्यासेसबाट कसरी छुट्कारा पाउने ?



महिलाका लागि अनिवार्य आवश्यकता हो, स्यानिटरी प्याड । प्रत्येक महिलाले हरेक महिना स्यानिटरी प्याड प्रयोग गर्नुपर्ने हुन्छ । यो समयमा आरामदायी रहन प्रायः महिलाले स्यानिटरी प्याडको प्रयोग गर्छन् । तर यसको प्रयोगले केही असहजता पनि निम्त्याउन सक्छ । एउटा प्रमुख असहजता हो न्यासेस आउने । जसकारण हिंड्न पनि गाह्रो हुन्छ, साथै पीडा पनि हुन्छ । जसले तिघ्रा र योनीको भागमा पनि सुन्निने गर्छ । यो समस्या विशेषगरी गर्मी महिनामा बढी देखा पर्छ । न्यासेसको समस्या भएपनि महिनावारीको बेला दिनभरि प्याड प्रयोग गर्नु अनिवार्य हुन्छ । यस्तोमा केही हेरचाह गरेर न्यासेसलाई रोक्न सकिन्छ ।

**चारदेखि आठ घण्टामा प्याड परिवर्तन गर्ने**

न्यासेसको समस्याबाट बच्न प्रत्येक चारदेखि आठ घण्टामा प्याड परिवर्तन गर्नुपर्छ । विशेषगरी अत्यधिक रक्तस्राव भएको बेला त विशेष हेरचाह गर्नुपर्छ, प्याड भिजेपछि परिवर्तन गर्नुपर्छ । महिनावारी हुँदा देखा पर्ने रगत कीटाणुलाई संक्रमण हुन सजिलो हुन्छ । त्यसैले धेरै रगत बगेमा र प्याड तथा कपडा भिजेको अनुभव हुने बित्तिकै फेर्नुपर्छ । लामो समयसम्म प्याड परिवर्तन भएन भने भारी रक्तस्रावले थप ओसिलोपन निम्त्याउँछ र न्यासेस बढ्ने सम्भावना झन् बढ्छ । त्यसैले यो समस्याबाट बच्न समय-समयमा प्याड परिवर्तन गरिरहनुपर्छ ।

**सही प्याड छनोट गर्ने**

यदि महिनावारीको समयमा बारम्बार न्यासेस तथा चिलाउने समस्या हुन्छ भने एक पटक आफूले प्रयोग गरिरहेको प्याडलाई परिवर्तन गर्नुपर्छ ।

महिनावारीका बेला धेरै ब्लिडिङ हुँदा टेलरमेड प्याड र ब्लिडिङ थोरै हुँदा कटन बेस्ड प्याड प्रयोग गर्नु उपयुक्त हुन्छ । आफ्नो छालाको प्रकार र रगतको प्रवाहलाई ध्यानमा राखेर प्याड छान्नुपर्छ । नरम, राम्रो गुणस्तरको र छिट्टै रगत सोस्ने प्याड छान्नुपर्छ । राम्रो गुणस्तरको सामाग्री प्रयोग भएको प्याड प्रयोग गरियो भने न्यासेस हुने सम्भावना कम हुन्छ । यस्ता प्याडले रगतलाई राम्ररी सोस्छ र यस्ता समस्याबाट बचाउँछ ।

**सरसफाइमा विशेष ध्यान दिने**

महिनावारीको समयमा सरसफाइमा विशेष ध्यान दिनुपर्छ । मनतातो पानीले नियमित रूपमा आफ्नो योनीलाई सफा गर्ने । हात धोएर सफा हातले मात्र प्याड फेर्ने । यो ठाउँमा कुनै पनि प्रकारको कस्मेटिक साबुन वा क्रिम प्रयोग गर्नु हुँदैन । यसले गोप्य अंगलाई हानि पुर्‍याउन सक्छ ।

**सही अन्डरवेयर छनोट गर्ने**

महिनावारीको समयमा सुती अन्डरवेयरको प्रयोग गर्नुपर्छ । यस्तो अन्डरवेयरको प्रयोगले हावा राम्ररी पास हुन्छ र पसिना आउँदैन । जसले गर्दा न्यासेसको जोखिम पनि कम हुन्छ ।

# रौतहट बमकाण्डको १३ वर्षपछि पीडित गौरीशंकरको दर्दनाक बयान

*रौतहट,२२ असार ।*

"बम पड्किएर कान उडायो, अनुहार नचिनिने भयो, जिन्दगी नै सकियो" १३ वर्षअघि रौतहटमा भएको बम विस्फोटमा घाइते भएका गौरीशंकर राम चमारको पीडा अझै मेटिएको छैन। २०६४ सालको संविधानसभा निर्वाचनको अघिल्लो साँझ रौतहटको राजपुर फरहदवामा भएको बम विस्फोटपछि उनको जीवन अन्धकारमा डुब्यो । विस्फोटमा संलग्न आरोप लागेका नेपाली कांग्रेसका नेता मोहम्मद आफ्ताब आलमलाई उच्च अदालतले सफाइ दिएपछि यो घटना फेरि चर्चामा आएको हो। **पड्केको छैन रे, तर मेरो कान उड्यो"** भारत, सीतामढीका ४३ वर्षीय गौरीशंकरले काठमाडौंको रिपोटर्स क्लबमा पत्रकारहरूलाई भने, "अदालतले भन्यो बम पड्केको छैन, तर मेरो कान कहाँ गए? अनुहार किन यसरी जल्यो?" घटनाको दिन उनी आलमको 'राजा इँटा भट्टा' मा काम गर्दै थिए। उनलाई पैसा लिन बोलाइएको थियो । घरको ढोकामा



पुगेको बेला बम विस्फोट भयो । आगोले पोल्दा उनी भागे, तर बेहोस भएर भारतको अस्पतालमा मात्र होसमा आए। उपचारमा तीन महिना लाग्यो, साढे तीन लाख भारतीय रुपैयाँ खर्च भयो । तर, आफ्ताब आलमले एक पटक पनि हालचाल सोधेनन्, न त सहयोग नै गरे।

**धम्की र डरको बीचमा बाँचेको जीवन** घटनापछि उनले प्रहरीलाई सबै कुरा बताए । तर, त्यसपछि आलमका मान्छेहरूले उनको आमालाई धम्की दिए, "तिम्रो छोरा अब मर्छ, धेरै बाँच्दैन ।""म अहिले पनि डर र त्रासमा बाँचेको छु। काम गर्न सक्दिनँ, काम पाइँदैन । म मर्ने कि बाँच्छु केही थाहा छैन," भन्दै आँसु झारे उनले ।

**"न्याय पाइन्छ कि भन्ने आशै मरेको छ"** अदालतको फैसलाले आफूजस्ता पीडितहरूलाई न्याय नपाउने अवस्था बनाएको भन्दै उनले भने, "देशमा न्याय पाउने आशै सकियो । मैले अदालतमा होइन, भगवान्सँग न्याय माग्नुपर्ने रहेछ।"रौतहट बमकाण्डको यो घटनाले पीडितको पीडालाई मात्र होइन, मुलुकको न्याय प्रणालीमाथि पनि प्रश्न खडा गरिदिएको छ।

# कलैयामा श्रमशक्ति र रोजगार अवसरमाथि व्यापक छलफल

**नेपाल पोष्ट संवदाता**

*बारा,२२ असार ।*

'श्रमको सम्मान, राष्ट्रको अभियान' भन्ने नाराका साथ कलैयामा स्थानीय सरकार, निजी क्षेत्र र सरोकारवालाहरूबीच भएको एक अन्तरक्रिया कार्यक्रमले श्रमिक अधिकार र जिम्मेवारीका विषयमा गहन छलफल गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत कलैया उपमहानगरपालिका रोजगार सेवा केन्द्रको आयोजनामा सम्पन्न यो कार्यक्रमले रोजगारी सिर्जनाका अवसर र चुनौतीहरूलाई उजागर गरेको छ । कलैयाको सभाहलमा आयोजित कार्यक्रममा स्थानीय जनप्रतिनिधि, उद्योग व्यवसायी, श्रमिक संगठनका प्रतिनिधि, मानव अधिकारकर्मी र पत्रकारसहित विभिन्न सरोकारवालाहरूको उल्लेख्य सहभागिता थियो। छलफलको मुख्य उद्देश्य श्रमिकको योगदानको कदर गर्दै उनीहरूको अधिकारको संरक्षण, सुरक्षित कार्य वातावरण निर्माण र उत्पादनशीलता वृद्धि गर्ने रहेको आयोजकले जनाएको छ। सहभागीहरूले श्रमप्रति सम्मान गर्ने संस्कार विकास गर्न सबै पक्षको सक्रियता अपरिहार्य रहेकोमा जोड दिएका थिए । रोजगार सेवा केन्द्र शाखाका प्रमुख विवेक गुप्ताले कार्यक्रमको औचित्यमा प्रकाश पार्दै कलैया उपमहानगरपालिकाभित्र करिब १ हजारभन्दा बढी बेरोजगारको तथ्यांक संकलन भएको र १५० जना रोजगारदाताको पनि विवरण सङ्कलन गरिएको जानकारी दिए । गुप्ताका अनुसार रोजगार सेवा केन्द्रको मुख्य काम नै बेरोजगार र रोजगारदाताबीच समन्वय गराउनु हो । कार्यक्रम सहजीकरण गरेका जीवन श्रेष्ठले नेपालमा 'केवल विदेश जानै पर्ने' भन्ने गलत भाष्य निर्माण भएकोमा चिन्ता व्यक्त गरे । श्रेष्ठले हरेक वर्ष देशमा करिब ५ लाखभन्दा बढी नयाँ श्रमशक्ति थपिने गरेको तथ्य पेश गर्दै नेपाल सरकारको दीर्घकालीन सोचबारे प्रकाश पारे । उहाँले सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने, सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने र सन् २१०० सम्ममा मर्यादित तथा उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने लक्ष्यका साथै २०२५-२०३५ लाई दश वर्षे आन्तरिक रोजगार प्रवर्द्धन वर्षका रूपमा मनाइने जानकारी दिए ।कार्यक्रममा उपस्थित व्यवसायीहरूले भने आफ्नो असन्तुष्टि व्यक्त गरे। उनीहरूले गत वर्ष पनि यस्तै कार्यक्रममा बोलाएर केवल 'सही' गराउने काम मात्र भएको र एक वर्षपछि आउने छ।

# मधेश भवनअगाडि सहिद परिवारको धर्ना,६ जना पक्राउ

*जनकपुर,२२ असार ।*

मधेश सरकारले सहिद परिवारका कार्यक्रम र बजेट कटौती गरेको भन्दै सहिद परिवारका सदस्यहरुले मधेश भवनअगाडि धर्ना दिएका छन्।

आइतबार मधेश भवनको गेट नं २ अगाडि धर्ना बसेका ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। धनुषाका डीएसपी वरुणबहादुर सिंहले बाटो अवरुद्ध गरेका कारण उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए । सहिद परिवारहरुले सरकारले आगामी आर्थिक वर्षको बजेटमा सहिद परिवारसम्बन्धी कार्यक्रम कटौती गरेको र आफूहरुले राखेका माग सरकारले बेवास्ता गरेको भन्दै विरोध जनाउँदै आएका छन् । धर्नामा सहभागीहरुले सहिद



प्रतिष्ठानमा रिक्त पदमा सहिद परिवारका सदस्यको नियुक्ति गर्नुपर्ने, सबै सहिद परिवारलाई रोजगारीको अवसर दिनुपर्ने र सबैको स्वास्थ्य बिमा हुनुपर्ने माग गरेका छन्। उनीहरुको गुनासो छ- 'विगतको सरकारले एक परिवार एक रोजगार कार्यक्रमअन्तर्गत रोजगारी दिएकोमा अहिलेको सरकारले हटाउने प्रक्रिया अघि बढाएको छ।' उनीहरुका अनुसार, धेरैलाई मासिक तलबीबाट हटाएर दैनिक ज्यालादारीमा राखिएको छ, जसले सहिद परिवारको सम्मान र सुरक्षामा चुनौती खडा गरेको छ ।सहिद परिवारले आफ्ना माग पूरा नभएसम्म चरणबद्ध आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्।

# ओलीलाई ३० दिनभित्र विश्वासको मत लिनुपर्ने

*काठमाडौं,२२ असार ।*

नागरिक उन्मुक्ति पार्टीले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । आइतबार पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठले सभामुख देवराज घिमिरेलाई भेटेर समर्थन फिर्ता लिएको पत्र बुझाएकी हुन् । श्रेष्ठका अनुसार उनले प्रधानमन्त्री ओलीलाई भेट्ने समय पनि लिएकी छिन् र आजै साँझ भेट हुने बताएकी छिन् । प्रधानमन्त्री ओली हाल हुम्लामा पुल उद्घाटनका लागि गएका छन् र फर्किएपछि उनीहरूबीच भेट हुनेछ। यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री रहेका अरुण चौधरी पदबाट राजीनामा दिईसकेका छन् । नागरिक उन्मुक्ति पार्टी सुदूरपश्चिम, लुम्बिनी र मधेस प्रदेश सरकारबाट पनि बाहिरिसकेको छ । संघीय सरकारले भने एकजना



राज्यमन्त्रीमार्फत सहभागी गराउँदै आएको थियो । पार्टीको समर्थन फिर्ता भएसँगै संविधानको व्यवस्था अनुसार प्रधानमन्त्री ओलीले अब ३० दिनभित्र विश्वासको मत लिनुपर्ने भएको छ। संविधानको धारा १००(२) अनुसार सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत लिनैपर्छ । यो निर्णयसँगै ओली नेतृत्वको सरकार संघीय मात्र होइन, प्रदेश सरकारहरूमा समेत गठबन्धनको समीकरण फेरिन सक्ने देखिएको छ।

# फरार नभएको, मुद्दा झेल्न तयार छु : अशोक यादव

*जनकपुर,२२ असार ।*

सर्लाहीका प्रहरी प्रमुख (एसपी) योगेन्द्रकुमार खड्कासँग टेलिफोन संवादमा 'अपशब्द' प्रयोग गरेको अडियो भाइरल भएपछि जनता समाजवादी पार्टी (जसपा)का मधेश प्रदेश अध्यक्ष अशोक यादवविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । आइतबार आफ्नो सामाजिक सञ्जाल फेसबुकबाट करिब ७ मिनेटको भिडिओ पोष्ट गर्दै नेता यादवले आफू 'निमुखा जनताको आवाज' बोलेको दाबी गरेका छन् । केही दिनअघि सर्लाहीका एसपी खड्का र जसपा नेता यादवबीचको अडियो सामाजिक सञ्जालमा व्यापक भाइरल भएको थियो । पूर्वाधार कार्यालयको विषयलाई लिएर भएको भनिएको सो संवादमा नेता यादवले एसपी खड्कालाई 'तिमीहरू मधेशमा लुट्न आएको' भन्दै प्रहरी र सरकारी कर्मचारीमाथि भ्रष्टाचार तथा अवैध असुलीको गम्भीर आरोप लगाएका थिए। संवाद चर्किंदै गएर गालीगलौजमा परिणत भएको थियो। जसपाका मधेश प्रदेश अध्यक्ष जस्तो जिम्मेवार पदमा रहेका व्यक्तिविरुद्ध पक्राउ पुर्जी जारी भएपछि यसले सर्लाहीको राजनीतिमा हलचल मच्चाएको छ । यस घटनाबारे अशोक यादवले यादवले आफूले कुनै अपराध नगरेको तर मधेशी निमुखा जनता, शोषित, पीडित र विपन्न वर्गको पक्षमा आवाज उठाउँदै आएको बताएका छन्। उनले जिल्ला



र सम्पूर्ण मधेशमा भइरहेको व्यथिति, भ्रष्टाचार र लुटतन्त्रको विरोधमा आवाज उठाउँदा राज्यले अपराधी ठानी मुद्दा चलाएमा '१०० वटा मुद्दा झेल्न तयार रहेको' बताएका छन्। मिडियामा आफू 'फरार' भएको भन्ने समाचारको खण्डन गर्दै, नेता यादवले आफू कहिल्यै नडराएको र मधेश माता तथा मधेशी जनताका लागि ज्यानको समेत प्रवाह नगरेको बताएका छन्। उनले प्रहरीले राति १२ बजे 'डाका शैलीमा' आफ्नो घरमा आएर छोरालाई कुटपिट गरी घाँटीको नशा फाटेको र हाल उपचार गराइरहेको बताएका छन् । उक्त घटनापछि ढुंगा मुढा गरी प्रहरीलाई भगाउने सेलेमपुर गाउँका जनतालाई उनले 'स्यालुट' गरेका छन्। यादवले आफू मधेशको सिपाही भएको र कुनै अपराध नगरेकोले मिडियालाई अनावश्यक समाचार सम्प्रेषण नगर्न विनम्र अनुरोध गरेका छन् । उनले मधेश जनविद्रोहदेखि नै आफूमाथि धेरै मुद्दा लागेको र राज्यले मृत्युदण्ड दिए पनि स्वीकार गर्ने, तर मधेश माताको अस्तित्व र मधेशी जनताको अधिकारका लागि सधैं लडिरहने अडान व्यक्त गरेका छन्। आफूलाई 'जिउँदो सहिद' मान्दै, उनले मधेशको अधिकारका लागि ज्यान बलिदान दिने सहिदहरूलाई 'स्यालुट' गरेका छन्। उनले एक एसपीले आफूलाई 'सा....' भनेर गाली गरेपछि आफूले पनि गाली गरेको स्वीकार गर्दै, त्यसमा कुनै आत्मग्लानि नभएको बताएका छन् । लोकतान्त्रिक व्यवस्थामा आफ्ना कुरा राख्न र पीडा व्यक्त गर्न डराउनु नपर्ने भन्दै, जहाँ भ्रष्टाचार र लुटतन्त्र भइरहेको छ, त्यसको विरोधमा बोल्ने बताएका छन् । यादवले जिल्ला प्रशासनमा नागरिकताका लागि लाखौं रकम उठाउने र कमिसन खाने भ्रष्टाचार भइरहेको, तथा हरेक नागरिकतामा ४-५ हजार रुपैयाँ लिने गरेको आरोप लगाएका छन् । आवाज उठाउने युवाहरूलाई थुन्ने गरेको र गमरिया मलको वार्ड नम्बर ११ र १२ का केटाहरूलाई यसअघि थुनेको उदाहरण दिएका छन्।

# बिमलेन्द्र निधिमाथि रघुवीर महासेठका दर्जन बढी आरोप

*जनकपुर,२२ असार ।*

नेकपा एमालेका नेता एवम प्रतिनिधिसभा सदस्य रघुवीर महासेठले कांग्रेस नेता बिमलेन्द्र निधिमाथि दर्जन बढी आरोप लगाएका छन् । आइतबार जनकपुरधाममा पत्रकारसम्मेलनमार्फत महासेठले नेता निधिले जनकपुरधामको विकासमा अवरोध गरेको आरोप लगाए । जनकपुरधामको रिङ रोड निर्माणदेखि डम्पिङ साइट निर्माण जस्ता दर्जनौं बढी विकास निर्माणका कार्यहरु नेता निधिकै कारणले अगाडि बढ्न नसकेको महासेठको आरोप छ ।राजर्षि जनक विश्वविद्यालयको भवन निर्माणमा आफ्नो र आफ्नो पत्नी जुली महतोले अवरोध गरेको भन्दै शनिबार ९हिजो० नेता निधिले जनकपुरधाममा पत्रकारसम्मेलन मार्फत जानकारी दिएका थिए। सो कुराको नेता महासेठले खण्डन गरेका छन् । उनले आफूले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष जतिसक्दो निर्माण कार्य अगाडि बढाउन छलफल समेत गरेको जानकारी दिए। राजर्षि जनक विश्वविद्यालयको भवन निर्माणमा आफ्नो र आफ्नो पार्टीको कुनै पनि आपत्ति नरहेको महासेठले बताए। नेता निधिले आफ्नो व्यक्तिगत स्वार्थका लागि विभिन्न विकास निर्माणका कार्यहरुमा पटकपटक अपरोध सृजना गर्दै आएको एमाले नेता महासेठले आरोप लगाए । धनुषाको प्रहरी प्रशासनले पनि राम्ररी काम नगर्ने गरेको आरोप लगाएका छन् । पदीय दायित्वलाई विर्सेर एक पक्षीय रुपमा मात्र काम गरिरहेको उनले बताए।


जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

करैयामाई गाँउपालिकाको कार्यालय,बारा